नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

## प्रेस विज्ञप्ति

नेपालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दिपक काफ्ले नेतृत्वको ४ सदस्यीय प्रतिनिधिमण्डल र दक्षिण कोरियाको रोजगार तथा श्रम मन्त्रालयका डेपुटी मिनिस्टर श्री पिल हुन् सन् नेतृत्वको ५ सदस्यीय प्रतिनिधिमण्डलबीच जुङ्ग, सिओलमा आज एक बैठक सम्पन्न भयो।

सौहार्दपूर्ण वातावरणमा सम्पन्न उक्त बैठकमा सचिव डा. काफ्लेले दुई देशबीचको श्रम सहकार्यको महत्वमाथि प्रकाश पार्नुका साथै कोरिया सरकारले नेपाली श्रमिकप्रति देखाएको विश्वास र नेपालको आर्थिक तथा सामाजिक विकासमा दक्षिण कोरिया सरकारले पुऱ्याएको योगदानप्रति धन्यवाद व्यक्त गर्नुभयो। उक्त बैठकमा नेपाली पक्षबाट पछिल्लो समयमा कोरियन भाषा तथा सीप परीक्षा उत्तीर्ण युवाहरूद्वारा विभिन्न माध्यमबाट व्यक्त हुँदै आएको चासो, रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारी (Memorandum of Understanding) को नवीकरण, ई.पी.एस.अन्तर्गत दक्षिण कोरिया सरकारले नेपाललाई उपलब्ध गराउँदै आएको कोटामा वृद्धि, नेपाली श्रमिकहरूको कोरिया पुनःप्रवेश प्रणालीमा सुधार, हाल नेपाली श्रमिकहरूलाई उपलब्ध हुँदै आएको रोजगारीका क्षेत्रहरूको विस्तार, नेपाली श्रमिकहरूको भाषा तथा सीप विकासमा दुई देशबीच आपसी सहकार्य, नेपाली श्रमिकहरूको कार्यस्थल सुरक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षालगायतका कल्याणकारी कार्यहरूको विस्तार एवम् सुदृढीकरण गर्ने विषय र कोरियाबाट फर्किएका नेपाली श्रमिकहरूको पुनःएकीकरणलगायतका विषयहरू प्रस्तुत गरिएको थियो।

कोरियाको रोजगार तथा श्रम मन्त्रालयका डेपुटी मिनिस्टर श्री पिल हुन् सन्ले बैठकमा नेपाली पक्षबाट प्रस्तुत भएका विषयहरूप्रति कोरिया सरकार सकारात्मक रहेको कुरा व्यक्त गर्नुका साथै रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारी (Memorandum of Understanding) को शीघ्र नवीकरण गर्न आफुहरू तयार रहेको, कोरियाको विकासमा नेपाली श्रमिकहरूको महत्त्वपूर्ण योगदान रहेको, कोरियामा कार्यरत नेपाली श्रमिकहरूको समग्र सुरक्षा प्रत्यभूतिमा कोरिया सरकार प्रतिबद्ध रहेको र छलफलका क्रममा प्रस्तुत भएका केही विषयवस्तुहरूमा थप छलफल गर्नुपर्ने विषय राख्नुभयो। कोरियामा रोजगार व्यवस्थापन सम्बन्धमा पछिल्लो समय नेपालमा विकसित घटनाक्रमको बारेमा आफुहरू जानकार रहेको र सो सम्बन्धमा नेपाल सरकारले खेलेको सकारात्मक भूमिकाप्रति धन्यवाद व्यक्त गर्नुभयो।

नेपाली राजदूतावास,सिओल।

२०८२ फागुन १५

नेपाली राजदूतावास सिओल

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]